दरखास्त दिन सकिने न्यूनत्तम ऋणपत्रः २५ कित्ता
दरखास्त दिन सकिने अधिकत्तम ऋणपत्रः ५,००० कित्ता

दरखास्तसाथ एकमुष्ठ रू.१,०००/- प्रति ऋणपत्रका दरले भुक्तानी माग गरिएको

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको संस्था

रजिष्टर्ड तथा केन्द्रिय कार्यालय : जिल्ला, का.म.न.पा.- १, हात्तिसार, कमलपोखरी, काठमाण्डौ ।
पो.ब.नं ८८६७, फोन नं. : ४४४४०३९, फ्याक्स नं.: ४४४३४१४
E-mail: goodwill@finance.wlink.com.np, Website : www.goodwillfinance.com.np

"१२% गुडविल फाइनान्स लिमिटेड डिबेन्चर २०८३"
आव्हान पत्र

ऋणपत्रको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति	: २०७६/११/२८ गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७६/१२/०२ गते बैकिङ्ग समय पश्चात्
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७६/१२/१२ गते बैकिङ्ग समय पश्चात्

यो विवरण-पत्र नभई केवल आव्हान -पत्र मात्र हो।

सात बर्ष अवधि तथा बार्षिक १२ प्रतिशत ब्याजदर भएको प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका २,५०,००० कित्ताले हुन आउने रु.२५ करोड बराबरको ऋणपत्र मध्ये १,५०,००० कित्ता ऋणपत्रले हुन आउने कूल रु.१५ करोड ऋणपूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने तथा १,००,००० कित्ता ऋणपत्रले हुन आउने कुल रु.१० करोड ऋणपूँजी रकम (सो मध्ये ५% अर्थात ५,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषहरुमा बाँडफाँड गरिएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने।

श्री नेपाल धितोपत्र बोर्डद्वारा स्वीकृत मिति २०७६/११/६, श्री नेपाल राष्ट्र बैंकमा दर्ता मिति २०७६/११/७ तथा श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति २०७६/११/१४

१. संस्थाको नाम : गुडविल फाइनान्स लिमिटेड (Goodwill Finance Limited)।

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १ हात्तीसार रहेकोछ ।

४. कारोबार गर्ने मुख्य स्थान :

हात्तीसार, काठमाण्डौमा वित्तीय संस्थाले आफ्नो केन्द्रीय कार्यालय खोली बैंकिङ्ग कारोवार गरिरहेको छ। यसको अतिरिक्त वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई नेपाल राज्यभर देहायको स्थानहरुबाट आफ्नो शाखाहरु खोली जम्मा १६ स्थानहरुबाट आफ्नो कारोबार संचालन गर्दै आएको छ।

क्र.सं.	शाखा कार्यालय	शाखा रहेको स्थानीय तह, जिल्ला र प्रदेश
१.	इन्द्रचोक	काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, प्रदेश ३
२.	डिल्लीबजार	काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, प्रदेश ३
३.	त्रिपुरेश्वर	काठमाण्डौ महानगरपालिका, काठमाण्डौ, प्रदेश ३
४.	तौमढी	भक्तपुर नगरपालिका, भक्तपुर, प्रदेश ३
५.	कुमारीपाटी	ललितपुर महानगरपालिका, पुल्चोक, प्रदेश ३
६.	इटहरी	इटहरी उपमहानगरपालिका, सुनसरी, प्रदेश १
७.	विर्तामोड	बिर्तामोड नगरपालिका, भापा, प्रदेश १
८.	घोराही	घोराही उपमहानगरपालिका,दाङ, प्रदेश ५
९.	फिदिम	फिदिम नगरपालिका,पाँचथर, प्रदेश १
१०.	इलाम	इलाम नगरपालिका, इलाम, प्रदेश १
११.	नेपालगञ्ज	नेपालगंज उपमहानगरपालिका, बाँके, प्रदेश ५
१२.	बर्दिवास	बर्दिवास नगरपालिका, महोत्तरी, प्रदेश २
१३.	बुटवल	बुटवल उपमहानगरपालिका, बुटवल, प्रदेश ५
१४.	धनगढी चौराहा	धनगढी उपमहानगरपालिका, कैलाली, प्रदेश ७
१५	नवलपुर	सर्लाही नगरपालिका, सर्लाही, प्रदेश २

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

गुडविल फाइनान्स लि., प्रचलित कम्पनी कानून बमोजिम मिति २०५१ साल आश्विन ११कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको पब्लिक लिमिटेड संस्था हो। नेपाल राष्ट्र बैंकबाट मिति २०५२ साल बैशाख २९ मा यस वित्तीय संस्थाले वित्तीय कारोबार गर्न ईजाजत पत्र प्राप्त गरी मिति २०५२ साल जेष्ठ २ देखि आफ्नो सेवा संचालन गर्दै आइरहेको छ। यस वित्तीय संस्थाका संस्थापकहरुमा वित्तीय क्षेत्र तथा व्यवस्थापनामा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यवसायीहरु रहेका छन्। देशको आर्थिक विकासको क्रममा सर्वसाधारण जनताको आर्थिक हित एवं जीवनस्तर उकास्न तथा देशको आर्थिक विकासमा टेवा दिने उद्देश्यले देशमा छरिए रहेको पूँजीलाई व्यवस्थित रुपमा एकत्रित गरी उद्योग, व्यापार वाव्यवसाय संचालन गर्न ऋण पूँजी द्वारा सहयोग गर्ने अभिप्रायले यस संस्थाको स्थापना भएको हो।

सस्थाले विगत ५ वर्षदेखि बितरण गरेको बोनस, लाभांशको विवरण देहाय बमोविम रहेको छ।

आ.व.	नगद लाभांश (प्रतिशत)	बोनस शेयर (प्रतिशत)	जम्मा (प्रतिशत)
२०७१।०७२	०.५२६३	१०	१०.५२६३
२०७२।०७३	१.३२	२५	२६.३२
२०७३।०७४	०.५३६	१०.१९	१०.७२६
२०७४।०७५	५.२६३	-	५.२६३
२०७५।०७६	१०	-	१०

नेपाल राष्ट्र बैंक ऐन, २०७३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही वित्तीय कारोबार (बैंकिङ्ग ब्यबसाय) गर्ने यस वित्तीय संस्थाको मूख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

क) वित्तीय संस्थाको निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने ,
ख) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यबसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील ब्यबसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने
ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारी मुलक ब्यबसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुरयाउने र
घ) मुलुकमा छरिए रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

६. पूँजी संरचना सम्बन्धी जानकारी :

अधिकृत पूँजी : यस वित्तीय संस्थाको अधिकृत पूँजी रु १,००,००,००,०००/-(अक्षरेपी एक अर्व) रहेकोछ। जसलाई प्रति शेयर रु.१००/- दरले १,००,००,००० /- (एक करोड) कित्ता साधारण शेयरमा बिभाजन गरिएको छ।
जारी पूँजी : यस वित्तीय संस्थाको जारी पूँजी रु ८०,००,००,०००/- (अक्षरेपी असि करोड) रहेकोछ।
चुक्ता पूँजी : यस वित्तीय संस्थाको चुक्ता पूँजी रु ८०,००,००,०००/- (अक्षरेपी असि करोड) रहेकोछ।

७. निष्काशन पछिको चुक्ता पूँजी (समुहकृत गरिएको अवस्थामा सोहि अनुरुप) :

ऋणपत्र निष्काशन गर्नु पूर्व वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

समुह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक शेयरधनीहरु	४०,८०,०००	५१%	४०,८०,००,०००/-	शतप्रतिशत
(ख)	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	३९,२०,०००	४९%	३९,२०,००,०००/-	शतप्रतिशत
	जम्मा	८०,००,०००	१००%	८०,००,००,०००/-	

डिबेञ्चर (ऋणपत्र) हाल नरहेको।

ऋणपत्र निष्काशन गरी बाँडफाँड गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

समुह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक शेयरधनीहरु	४०,८०,०००	५१%	४०,८०,००,०००/-	शतप्रतिशत
(ख)	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	३९,२०,०००	४९%	३९,२०,००,०००/-	शतप्रतिशत
	जम्मा	८०,००,०००	१००%	८०,००,००,०००/-	

*ऋण पूँजी :

विवरण	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
१२% गुडविल फाइनान्स लि. डिबेञ्चर, २०८३	रु.२५,००,००,०००/-	शतप्रतिशत
जम्मा	रु.२५,००,००,०००/-	शतप्रतिशत

*स्वीकृत विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र।

८. संस्थापक/संचालक सम्बन्धी जानकारी :

आधारभूत शेयरधनीहरुको विवरण:

क्र.सं.	शेयरधनीहरुको नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)
१	सुधिर मान मास्के	सं.शेयरधनी	५८	नेपाली	वडा नं. २८ काठमाडौं।	४,५५,६८६	एम.वि.ए.	वित्तीय क्षेत्रमा १५ वर्ष अनुभव।
२	जेनी जोशि	सं.शेयरधनी	४१	नेपाली	ललितपुर, खुमलाटार	४,७६,८८५	एम.वि.एस.	शिक्षण पेशामा सम्लग्न।
३	सरोज काजी तुलाधर	सं.शेयरधनी	५५	नेपाली	मरुहिटी, काठमाडौं।	३,१६,३३३	एम.वि.ए.	वित्तीय क्षेत्रमा २५ वर्ष अनुभव।
४	राजाराम जोशी	सं.शेयरधनी	७०	नेपाली	पुतलीसडक, काठमाडौं।	२,५१,७३७	वि.ए.	वित्तीय क्षेत्रमा ८ वर्ष अनुभव तथा व्यापार क्षेत्रमा ४० वर्ष अनुभव।
५	स्वर्ग मान सिंह श्रेष्ठ	सं.शेयरधनी	६८	नेपाली	वडा नं. २४ , काठमाडौं।	२,८१,९७१	एम.ए.	वित्तीय क्षेत्रमा २५ वर्ष अनुभव तथा शैक्षिक क्षेत्रमा ३० वर्ष अनुभव
६	परमेश्वर भक्तमल्ल	सं.शेयरधनी	५७	नेपाली	वडा नं. ३३ , डिल्लीबजार	२,१७,९८३	एम.वि.ए.	बैकिङ्ग क्षेत्रमा १० वर्ष अनुभव।
७	मन्जु मास्के (अमात्य)	सं.शेयरधनी	६४	नेपाली	कलंकी, काठमाडौं।	२,३९,६०२	वि.ए.	नभएको।
८	जयकार प्रसाद गौचन	सं.शेयरधनी	५७	नेपाली	दोभाङ्ग	१,९१,३३५	एम.वि.ए.	वित्तीय क्षेत्रमा २३ वर्ष अनुभव।
९	अरुण अग्रवाल	सं.शेयरधनी	५५	नेपाली	वडा नं. २२ , काठमाडौं।	१,५९,७७९		व्यापारमा २५ वर्ष अनुभव।
१०	नजमा खां	सं.शेयरधनी	६५	नेपाली	ललितपुर।	१,५३,०००	साधरण लेखपढ	गृहिणी
११	पन्ना रत्न तुलाधर	सं.शेयरधनी	६९	नेपाली	खिचापोखरी, काठमाडौं।	१,३८,१०२	एम.ए.	व्यापार क्षेत्रमा ४० वर्ष अनुभव तथा बैकिङ्ग क्षेत्रमा १६ वर्ष अनुभव
१२	इन्दिरा जोशी	सं.शेयरधनी	६६	नेपाली	वडा नं. १५ , डल्लु।	१,६४,५४३	पि.एच.डी	शैक्षिक क्षेत्रमा ३० वर्ष अनुभव।
१३	केशव तुलाधर	सं.शेयरधनी	५५	नेपाली	नयाँबजार, काठमाडौं।	१,१५,२९९	एम.बि.ए	व्यापार
१४	ज्योती कुमारी सरावगी	सं.शेयरधनी	४३	नेपाली	कमलपोखरी,-१, काठमाडौं	१,१६,४६४	१०+२	व्यापारमा १५ वर्ष अनुभव।
१५	एसेट् नेपाल प्रा.लि.	सं.शेयरधनी	-	नेपाली	कृष्ण गल्ली-३, ललितपुर।	१,१०,१९२	-	कम्पनीको लगानी क्षेत्रमा ५वर्ष अनुभव।
१६	सेफिना मास्के	सं.शेयरधनी	३७	नेपाली	वडा नं. १९ ,काठमाडौं।	१,१०,१९२	एम.बि.ए	हिमालयन स्नाक्सको मानव संसाधन विभागमा २ वर्ष अनुभव तथा व्यापारमा १० वर्षको अनुभव।
१७	विजय बहादुर श्रेष्ठ	सा.शेयरधनी	६३	नेपाली	काठमाण्डौ	१२६,१४१		पर्यटन व्यवसायमा ३० वर्ष अनुभव।
१८	राजेन्द्र तुलाधर		६०	नेपाली	असन-३०, काठमाडौं।	१,२३,०९९	वि.ए.	व्यापारमा ४० वर्ष अनुभव।
१९	शान्ति प्रभा तुलाधर	सा.शेयरधनी		नेपाली	काठमाण्डौ	९३,३८४		
२०	डमर केशर श्रेष्ठ		७९	नेपाली	ललितपुर।	९१,८००	वि.ई	इन्जिनियरिङ्ग क्षेत्रमा ३० वर्ष अनुभव।

संचालकहरुको विवरण:

क्र.सं.	शेयरधनीहरुको नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	श्री विश्व प्रकाश साख : (सर्वसाधारण समूह)	अध्यक्ष	४८	नेपाली	चुन्देवी, सल्लाघारी, भक्तपुर।	१८,४९४	वि.ई (केमिकल्स)	संचालक-साखःस्टील इन्डष्ट्रीज प्रा.लि,. संचालक- साखःस्टील मेटल एण्ड इलाईट इन्डष्ट्रीज संचालक-नेपाल पेन्ट इन्डष्ट्रीज प्रा.लि. संचालक-यूनिसा पोलिकेम इन्डष्ट्रीज प्रा.लि., विगत १७ बर्षदेखि गुडविल फाइनान्स लि. मा संचालक को अनुभव।
२	श्री सुधिर मान मास्के (संस्थापक समूह)	संचालक	५८	नेपाली	वडा नं. २८, काठमाडौं।	४,५५,६८६	एम.बि.ए.	यस संस्थामा विगतमा प्रवन्ध निर्देशक तथा संचालक समितिको अध्यक्ष सहित वित्तीय क्षेत्रमा १५ वर्ष तथा पर्यटन क्षेत्रमा ५ वर्षको अनुभव।
३	श्री दिलीप कुमार मुनंकर्मी (संस्थापक समूह)	संचालक	४५	नेपाली	१-खरीपाटी, भक्तपुर।	३७,५१३	एम.बि.ए.	प्रोपाइटर- वर्ल्डवाइड प्रिन्ट सोलुशन, पुँजीवजार सम्बन्धि अध्यता तथा स्तम्भकार,विगत ४ बर्षदेखि गुडविल फाइनान्स लि.मा संचालकको अनुभव।
४	श्री पशुपति भक्त श्रेष्ठ (सर्वसाधारण समूह)	संचालक	५७	नेपाली	कुलेश्वर, काठमाडौं	१३,११४	एस.एल.सि.	प्रवन्धक-स्याकर कम्पनी लि. प्रोपराईटर-लिभरटी इन्टरप्राइजेज् विगत १७ बर्षदेखि गुडविल फाइनान्स लि. को संचालकको अनुभव।
५	श्रीमती जेनी जोशि (संस्थापक समूह)	संचालक	४१	नेपाली	खुमलटार, ललितपुर	४,७६,८८५	एम.वि.एस	विगत १० बर्षदेखि शिक्षण पेशामा संलग्न।

नोट : शेयर स्वामित्वमा संस्थापक र सर्वसाधारण जोडेर देखाइएको छ। साथै यस संस्थाको संचालकहरुको सम्बन्धमा "सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका,२०७४" को व्यवस्थाहरु तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को पालना भएको छ। मिति २०७६।०९।२९ गते सम्पन्न भएको संस्थाको २५औं साधारण सभावाट नयाँ सञ्चालक समिति चयन भएको।

९. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस वित्तीय संस्थामा कम्तीमा १ (एक) जना महिला सहित ७ (सात) जनाको सञ्चालक समिति रहनेछ। सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :

(क) संस्थापक समूहका शेयरधनीहरु मध्येबाट निर्वाचित	३ (तीन) जना
(ख) सर्वसाधारण समूहबाट निर्वाचित	३ (तीन) जना
(ग) स्वतन्त्र सञ्चालक	१ (एक) जना
जम्मा	७ (सात) जना

नोटः संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ। साथै सर्वसाधारण तर्फ रिक्त रहेको १ जना लगायत स्वतन्त्र संचालक नियुक्त गर्न बाँकि रहेको छ।

संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी ब्यवस्था :

यस वित्तीय संस्थाको नियमावलीको नियम १३(२) मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको संचालक हुनका लागि यस वित्तीय संस्थाको कम्तीमा १०० थानशेयर लिएको हुनुपर्नेछ तर, स्वतन्त्र सञ्चालक वा संगठित संस्थाले संस्थापक शेयर लिएकोमा त्यस्ता शेयरधनीहरुका तर्फबाट सञ्चालकको उम्मेदवार हुने व्यक्तिले व्यक्तिगत रुपमा वित्तीय संस्थाको शेयर लिएको हुन जरुरी हुने छैन, तर निज जुन संस्थापकका तर्फबाट उम्मेदवार हुने हो सो संस्थापकबाट लिखित अधिकार लिएको हुनुपर्नेछ।

१०. सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरिक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

वासलात

सम्पत्ति	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. २०७३/७४	आ.ब. २०७४/७५	आ.ब. २०७५/७६	आ.ब. २०७६/७७	आ.ब. २०७७/७८	आ.ब. २०७८/७९
नगद तथा नगद समान	१,१३१,९०८	१,२८५,२४६	१,२१५,२३३	२,१४६,८३६	३,१३४,९४९	४,४६८,१३५
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात र लिनुपर्ने	२०५,४६२	२६३,५६१	२८६,९०५	३३४,८९५	४१८,११७	५२२,१३५
बैंक तथा वित्तीय संस्थामा मौज्दात	-	-	-	-	-	-
व्युत्पन्न वित्तीय उपकरण	-	-	-	-	-	-
अन्य व्यापारिक सम्पत्तिहरु	-	-	-	-	-	-
वित्तीय संस्थालाई कर्जा सापटी	१५६,१९४	१५८,०७३	२४६,०९५	२९५,३१४	३४८,४७१	४०७,७११
ग्राहकलाई कर्जा सापटी	३,४४५,३२९	४,३७२,३०३	५,५४१,४२९	६,६७४,३१७	७,८९८,०२९	९,२६२,११०
लगानी सुरक्षणपत्र	४८२,८९९	५६८,८२१	८६५,३९६	८६३,००६	८६४,६०६	८७०,०२५
यस आ.व. को कर सम्पत्ति	५६,०५२	४५,८५६	४७,९३९	७२,७७२	८३,६८२	१०३,०१०
सहायक कम्पनीमा लगानी	-	-	-	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	-	-	-	-	-	-
सम्पत्तिमा लगानी	-	-	७४,०३१	-	-	-
सम्पत्ति तथा उपकरण	३९७,७०६	३२९,११३	३३७,६९५	३५४,५७९	३७२,३०८	३९०,९२४
साख तथा अमुर्त सम्पत्ति	१०८	८३	७९४	७५४	७१६	६८१
स्थगित कर सम्पत्ति	-	-	-	-	-	-
अन्य सम्पत्तिहरु	१२९,६३०	३२,४९०	१०८,४९७	१०९,६६७	११०,८५२	११२,०५२
जम्मा सम्पत्तिहरु	६,००५,२८९	७,०५५,५४६	८,७२४,०१२	१०,८५२,१४०	१३,२३१,७३०	१६,१३६,७८३

पूँजी तथा दायित्व	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. २०७३/७४	आ.ब. २०७४/७५	आ.ब. २०७५/७६	आ.ब. २०७६/७७	आ.ब. २०७७/७८	आ.ब. २०७८/७९
दायित्वहरु						
बैंक तथा वित्तिय संस्थालाई तिर्न बाँकी	२२७,१५२	२३१,५४६	४७७,८८८	५५९,७८३	६६०,२७२	७८३,९१०
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	२,०००	७४,२६७	९६,५३४	६४,३५६	३२,१७८	-
व्युत्पन्न वित्तीय उपकरण	-	-	-	-	-	-
ग्राहकबाट निक्षेप	४,५९८,८१३	५,४२४,९०८	६,७०७,७२५	८,३७२,३६९	१०,४५२,९२८	१३,०५३,३७६
सापटी (Borrowing)	-	-	-	-	-	-
यस आ.व. को कर दायित्वहरु	४३,२९७	३८,०३१	४५,६२९	७०,६५३	८१,२४४	१००,०१०
व्यवस्थाहरु	-	-	-	४०,०००	४०,०००	४०,०००
स्थगित कर दायित्वहरु	४५,०३३	१०,३१३	१७,९५४	-	-	-
अन्य दायित्वहरु	१८१,८५६	१८४,३२६	१८०,४३२	१८७,५८०	१९५,४६८	२०६,७४०
जारी गरिएको ऋण पत्र	-	-	-	२४८,४६४	२४८,६०६	२४८,७६६
सुरक्षण नराखिएको सहायक आवधिक दायित्वहरु	-	-	-	-	-	-
जम्मा दायित्वहरु	५,०९८,१५१	५,९६३,३९१	७,५२६,१६२	९,५४३,२०४	११,७१०,६९७	१४,४३२,८०३
इक्विटी						
सेयर पूँजी	५८१,६६५	८००,०००	८००,०००	८००,०००	८८०,०००	९६८,०००
सेयर प्रिमियम	-	२,४७६	२,४७६	२,४७६	२,४७६	२,४७६
संचित मुनाफा	१०२,५८७	१०८,३८७	८५,६८२	१५९,८२३	२०२,६८८	१९८,७११
जगेडा कोष	२२२,८८७	१८१,२९२	३०९,६९३	३४६,६३७	४३५,८७०	५३४,७९४
कुल इक्विटी	९०७,१३९	१,०९२,१५४	१,१९७,८५१	१,३०८,९३६	१,५२१,०३३	१,७०३,९८०
कुल दायित्व र इक्विटी	६,००५,२८९	७,०५५,५४६	८,७२४,०१२	१०,८५२,१४०	१३,२३१,७३०	१६,१३६,७८३

नोटः आ.व. २०७५।७६ को आय विवरण NFRS अर्न्तगत बनाइएकोले त्सय भन्दा अगाडिका (नाफा नोक्सान हिसाव बाहेक) का वित्तीय विवरणहरु समेत NFRS अर्न्तगत नै पुर्नलेखन (Restate) गरिएको छ।

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)		
		आ.ब. २०७४/७५	आ.ब. २०७५/७६	आ.ब. २०७६/७७	आ.ब. २०७७/७८	आ.ब. २०७८/७९
व्याज आम्दानी		६६५,५३०	९१५,९८७	१,१४८,७९१	१,४४१,००४	१,८०७,८४६
व्याज खर्च		५०३,७३०	६३६,५३३	८०५,५७७	१,०२४,७२५	१,२७३,३८८
खुद ब्याज आम्दानी		१६१,८००	२७९,४५४	३४३,२१४	४१६,२७९	५३४,४५८
शुल्क तथा कमिसन आम्दानी		६९,६३०	१०५,३५६	११५,८९२	१२७,४८१	१४०,२२९
शुल्क तथा कमिसन खर्च		-	-	-	-	-
खुद शुल्क र कमिसन आम्दानी		६९,६३०	१०५,३५६	११५,८९२	१२७,४८१	१४०,२२९
खुद व्याज, शुल्क र कमिसन आम्दानी		२३१,४३०	३८४,८११	४५९,१०६	५४३,७६०	६७४,६८७
खुद कारोबार आम्दानी		-	-	-	-	-
अन्य संचालन आम्दानी		९,२०९	३,१३९	३२२	३३८	३५५
कुल संचालन आम्दानी		२४०,६३९	३८७,९५०	४५९,४२८	५४४,०९८	६७५,०४२
हानी/(फिर्ता)		२३,४६०	४,७७२	४,८९२	५,०१४	५,१३९
खुद संचालन आम्दानी		२१७,१७९	३८३,१७७	४५४,५३६	५३९,०८४	६६९,९०३
संचालन खर्च						
कर्मचारी खर्च		६०,८९०	९६,०७८	१०४,५०२	११८,२८६	१३८,८९६
अन्य संचालन खर्च		५३,५२६	७३,४६८	९९,१९२	१३३,९५९	१८०,८९५
ह्रासकट्टी र परिशोधन		१४,०२८	१४,६७४	१५,३३४	१६,०२४	१६,७४५
संचालन नाफा		८८,७३५	१९८,९५८	२३५,५०८	२७०,८१४	३३३,३६७
गैर संचालन आम्दानी		-	२,०८१	-	-	-
गैर संचालन खर्च		-	-	-	-	-
आयकर अघिको नाफा		८८,७३५	२०१,०३८	२३५,५०८	२७०,८१४	३३३,३६७
आयकर खर्च						
यस आ.व. को कर		३८,०३१	४५,६२९	७०,६५३	८१,२४४	१००,०१०
स्थगित कर		(११,२२९)	७,५६९	-	-	-
यस आ.व. को नाफा		६१,९३२	१४७,८४१	१६४,८५६	१८९,५७०	२३३,३५७
प्रति शेयर आधारभुत आम्दानी (BEPS)		८	१८	२१	२२	२४
प्रति शेयर डाइलुटेड आम्दानी (DEPS)		८	१८	२१	२२	२४

नोटः आ.व. २०७३/०७४ को विवरण NFRS अर्न्तगत नभएकोले उल्लेख नगरिएको।

११. सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी ३ बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :

विगत ३ बर्षको प्रति शेयर नेटवर्थ, प्रति शेयर आम्दानी :

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. २०७३/७४	आ.ब. २०७४/७५	आ.ब. २०७५/७६	आ.ब. २०७६/७७	आ.ब. २०७७/७८	आ.ब. २०७८/७९
प्रति शेयर नेटवर्थ (रु.)	११६.७०	१३६.५२	१४९.७३	१६३.६२	१७२.८४	१७६.०३
प्रति शेयर आम्दानी (रु.)	१४.७७	७.७४	१८.४८	२०.६१	२१.५४	२४.११
संचित नाफा नोक्सान (रु. हजारमा)	६,९४९	५,२७३	८५,६८२	१५९,८२३	२०२,६८८	१९८,७११

विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

विवरण	वास्तविक (रु.हजारमा)			**प्रक्षेपित (रु.हजारमा)		
	आ.ब. २०७३/७४	आ.ब. २०७४/७५	आ.ब. २०७५/७६	आ.ब. २०७६/७७	आ.ब. २०७७/७८	आ.ब. २०७८/७९
चुक्ता पुंजी	५८१,६६५*	८००,०००	८००,०००	८००,०००	८८०,०००	९६८,०००
जगेडा तथा कोषहरु	३२५,४७४	२९२,१५४	३९७,८५१	५०८,९३६	६४१,०३३	७३५,९८०
कुल	९०७,१३९	१,०९२,१५४	१,१९७,८५१	१,३०८,९३६	१,५२१,०३३	१,७०३,९८०
घटाउने : अपलेखन गर्न बाँकी खर्च Fictitious Assets)	(८,२९१)	(१०,१७९)	-	-	-	-
कुल नेटवर्थ	८९८,८४८	१,०८१,९७५	१,१९७,८५१	१,३०८,९३६	१,५२१,०३३	१,७०३,९८०
शेयर संख्या (हजारमा)	५८१६*	८,०००	८,०००	८,०००	८,८००	९,६८०
प्रति शेयर नेटवर्थ (रु.)	१५४.५५	१३५.२५	१४९.७३	१६३.६२	१७२.८४	१७६.०३
प्रति शेयर चुक्ता पुंजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	१०.७७%	५.७२%	१२.३४%	१२.५९%	१२.४६%	१३.६९%
विगत तीन बर्षको नेटवर्थमा भएको औषत प्रतिफल (ऋणपत्र जारी गर्नु अगावै)						९.६१%

** प्रक्षेपित वित्तीय विवरण हरु कम्पनी आफैले तयार पारेको हो र सो वित्तिय विवरणहरु बि.आर.एस. न्यौपाने एण्ड कम्पनीका चार्टर्ड एकाउण्टेण्ट श्री ज्ञानेन्द्र बहादुर भारीले प्रमाणित गर्नु भएको छ।

*नोट : आ.व. २०७५।७६ को आय विवरण NFRS अर्न्तगत बनाइएकोले त्सय भन्दा अगाडिका वित्तीय विवरणहरु समेत NFRS अर्न्तगत नै पुर्नलेखन (Restate) गरिएको छ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु

विवरण	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९
ब्याज आम्दानी/कर्जा तथा सापट (%)	१६.४८%	१७.४७%	१८.७०%
कर्मचारी खर्च/कुल संचालन खर्च (%)	४७.७१%	४४.०९%	४१.२७%
ब्याज खर्च /कुल निक्षेप (%)	९.६२%	९.८०%	९.७६%
खुद नाफा/कर्जा तथा सापट (%)	२.३७%	२.३०%	२.४१%
खुद नाफा/कुल सम्पत्ति (%)	१.५२%	१.४३%	१.४५%
कुल संचालन खर्च/कुल सम्पत्ति (%)	२.०२%	२.०३%	२.०९%
पुजीकोषको अनुपात (CAR) %	१३.५०%	१३.२५%	१३.१०%
अनिवार्य मौज्दात अनुपात (CRR) %	४.००%	४.००%	४.००%
बैधानिक तरलता अनुपात (SLR) %	७.००%	७.००%	७.००%
कुल कर्जा/निक्षेप र पुँजी	७५.००%	७६.००%	७६.००%
प्रति शेयर आम्दानी	२०.६१%	२१.५४%	२४.११%
प्रति शेयर नेटवर्थ	१६३.६२%	१७२.८४%	१७६.०३%
निक्षेप वृद्धि प्रतिशत	२४.८२%	२४.८५%	२४.८८%
कर्जा तथा सापटी वृद्धि प्रतिशत	२०.४३%	१८.३२%	१७.२६%
खुद ब्याज आम्दानी वृद्धि प्रतिशत	२२.८२%	२१.२९%	२८.३९%
कुल संचालन आम्दानी वृद्धि प्रतिशत	१८.४२%	१८.४३%	२४.०७%
संचालन मुनाफा वृद्धि प्रतिशत	१८.३७%	१४.९९%	२३.१०%
खुद मुनाफा वृद्धि प्रतिशत	११.५१%	१४.९९%	२३.१०%

माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टि हुने विवरणहरु :

वित्तीय संस्थाले आ.व. २०७४/०७५ मा निक्षेपमा २७ प्रतिशतले तथा कर्जामा २६ प्रतिशतले वृद्धि गर्न सफल भएको थियो। माथि उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको विगतको बर्षहरुको कारोवारको वृद्धि, भावी योजनाहरु एवम् शाखा संजाल विस्तार गर्ने रणनीति, हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञ श्री बि.आर.एस. न्यौपाने एण्ड कम्पनीका चार्टर्ड एकाउन्टेन्ट श्री ज्ञानेन्द्र बहादुर भारी रहनु भएको छ। वित्तीय संस्थाले कर्जा निक्षेप अनुपात, संचालन खर्च बृद्धिदर, निश्क्रिय कर्जा प्रतिशत, अनिवार्य नगद मौज्दात, बैधानिक तरलता अनुपात तथा पूँजीकोष अनुपातका साथै नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुरुप कायम गरी वित्तीय विवरणको प्रक्षेपण गरेको हो।

१२. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :

संगठित संस्थाको विगत ३ आर्थिक बर्षको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:

विवरण	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
आ.ब.०७५/०७६	१४१	१११	१३५	२,०९,३३९
आ.ब.०७४/०७५	२१९	११७	१२२	२,५४,७९८
आ.ब.०७३/०७४	६०६	१९८	२०१	५,५५,२८१

नोट : शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत जानकारी लिन सकिनेछ।

बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :

विवरण	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या	कारोबार दिन
२०७६ श्रावण	१३८	१२९	१३४	१४,४५८	२१
२०७६ भाद्र	१४४	१३२	१३६	५६,५७४	२४
२०७६ आश्विन	१४४	१३०	१३२	२९,१९०	१७
२०७६ कार्तिक	१४१	१२९	१३९	१३,४५८	१५
२०७६ मंसिर	१३८	१२६	१३२	२२,२३६	२२
२०७६ पौष	१४३	१२४	१४१	५३,५५६	२०

नोट : शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचि मार्फत जानकारी लिन सकिनेछ।

१३. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने। यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
१. निक्षेप तथा कर्जाको ब्याज दरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।
२. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।
(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** : लागु नहुने।
(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिमः**
१. नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु।
२. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम** : लागु नहुने।
(ङ) **विदेशी विनिमयको जोखिम :**
देशको बैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु।
(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु** : लागु नहुने।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम** : अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।
(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
१.नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
२.देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु।
(झ) **संचालन अनुभवको अभाव** : यस वित्तीय संस्थाको संचालन इतिहास करिव २५ बर्षको रहेकोछ।
(ञ) **प्राविधिको परिवर्तनबाट हुन सक्ने जोखिम** : नयाँ प्रविधिको विकास सँगै वित्तीय संस्थाले प्रयोग गर्ने इन्टरनेटमा आधारित बैंकिङ्ग/वित्तिय लगायतका प्रविधिमा हुने खराबीले पर्न सक्ने संचालन तथा साखः सम्बन्धि जोखिम।
(ट) **अन्य :**
१. वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम।
२. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
३. पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
४ वित्तीय संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेकोले त्यस्तो लगानीमा हुने मूल्य परिवर्तनको जोखिम।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :

वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको व्यवस्था गरेको छ। वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेकोछ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको छ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु.१,०००/- प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले ऋणपत्र मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१४. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) **स्वीकृत विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "१२ प्रतिशत गुडविल फाइनान्स लिमिटेड डिबेन्चर, २०८३" निष्काशन गर्न शर्तहरु देहाय बमोजिम रहेकोछ :**
(अ) ***ऋणपत्र निष्कासनको शर्त बन्देजहरु :*** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देजहरु स्वीकृत विवरणपत्रको दफा ग.१०.छ मा उल्लेख गरिएको छ।
(आ) ***ऋणपत्रको अवधि (Maturity Period) :*** यस ऋणपत्रको अवधि ऋणपत्र बाँडफाँट भएको दिनबाट ७ (सात) बर्षको हुनेछ सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ।
(इ) ***निष्कासन गरिने ऋणपत्रको रकम :*** प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका २ लाख ५० हजार कित्ता ऋणपत्रले हुनआउने कुल रु.२५ करोड ऋणपूँजी रकम मध्ये रु.१५ करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका १ लाख ५० हजार कित्ता ऋणपत्र विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट तथा रु.१० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका १ लाख कित्ता ऋणपत्र (सो मध्ये ५% अर्थात ५,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्ट्याएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशन मार्फत बिक्री गरिनेछ।
(ई) ***ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने :*** स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र ७ (सात) बर्षको अवधि पश्चात एकमुष्ठ रुपमा भुक्तानी गरिने भएकोले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने।
(उ) ***ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि र समय (Interest Payment Period):*** यस ऋणपत्रको बार्षिक ब्याजदर १२% हुनेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक बर्षको प्रथम अर्धवार्षिक (पौष मसान्त) र द्धितीय अर्धवार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ। ब्याज रकम भुक्तानी दिँदा प्रथम अर्धवार्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक बर्षको माघ १ गतेदेखि र द्वितीय अधवार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक बर्षको श्रावण १ गतेदेखि हितग्राही खातामा उपलव्ध गराईएको बैक खातामा जम्मा गरिनेछ वा गुडविल फाइनान्स लिमिटेडका कुनै पनि शाखाबाट भुक्तानी गरिनेछ।
(ऊ) ***ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्वन्धी व्यवस्था :*** स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रलाई निर्धारित ७ (सात) वर्ष समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को व्यवस्था गर्नेछ। ऋणपत्रको अवधिमा कम्पनीको नाफा नोक्सान बाँडफाँट हिसाब खाता (Profit & Loss Appropriation A/c) बाट ऋणपत्र निष्काशन भएको दोर्श्रो बर्ष देखि ५ (पाँच) बर्ष सम्म वार्षिक रु ५ करोडका दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तरण गरिनेछ। कम्पनीले कुनै आर्थिक बर्षमा मुनाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो बर्षमा ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ।
(ए) ***ऋणपत्रवालाहरुको अधिकार :*** स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्न ऋणपत्रधनीहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रधनीलाई प्राप्त हुने सम्पूर्ण हक सुविधा प्राप्त हुनेछ। तर त्यस्तो ऋणपत्रधनीहरुलाई कम्पनीको साधारण सभामा भाग लिन र मतदात गर्ने अधिकार हुने छैन। कथंकदाचित वित्तीय संस्था टाट पल्टेमा स्वीकृत विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडी मात्र हुनेछ।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण** : स्वीकृत विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र वित्तीय संस्थाको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित वित्तीय संस्था टाटपल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinate Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुने छैन। स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्धितीय हक हुनेछ। बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ। कम्पनीको सम्पत्ति मध्ये प्रथम हकवालाको रकम आषाढ मसान्त २०७६ मा रु.६,७०७,७२५,०००.०० रहेको छ।

(ग) **ट्रष्टीको नाम, ठेगाना तथा ट्रष्टी र कम्पनी बीच भएको सम्झौता (Trustee Deed) को प्रमुख बुँदाहरुः**
ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने ब्यबस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको ब्यबस्था गरिएको छ।
(अ) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम तथा ठेगाना :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ रहेको छ।
(आ) ***ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :*** स्वीकृत विवरणपत्र मार्फत सर्वसाधारणमा तथा ब्यक्तितग तवरबाट विभिन्न ब्यक्ति वा संघ संस्थालाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौलाई उक्त सेवा प्रदान गरे बापत बार्षिक रु. २५,०००/- (अक्षेरुपी पच्चिस हजार रुपैंया मात्र) का दरले ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा भुक्तानी दिइनेछ।
(इ) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको कर्मचारी श्री मनिष शाहीलाई सम्पर्क ब्यक्तिको रुपमा तोकेको छ। निजले स्नातक तहसम्मको शैक्षिक योग्यता हासिल गरी करिब ८ बर्ष भन्दा बढी मर्चेण्ट बैंकिङ्ग क्षेत्रको कार्य अनुभव हासिल गर्नु भएको छ।
(ई) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्वन्धमा गरेको व्यवस्था :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ। साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ। लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुभाब प्रेषित गर्न सक्ने छन्ः
गुनासो सुन्ने अधिकारीको नामः राम कुमार महत
इमेलः ram@niblcapital.com , फोन नं. ०१-४००५०८० EXT ४४४
(उ) ***ऋणपत्र निष्कासन गर्ने वित्तीय संस्था र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :*** ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको ब्यबस्था अनुरुप मिति २०७६।०७।२५ मा सम्झौता गरिएको छ।
(ऊ) ***ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :***
ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि ब्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ।
(ए) ***ऋणपत्र ट्रष्टी र वित्तीय संस्था बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :***
ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ।
(ऐ) ***ऋणपत्र ट्रष्टी र वित्तीय संस्था बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था :***
ऋणपत्र ट्रष्टी र वित्तीय संस्था बीच भएको सम्झौता तथा अन्य आवश्यक ब्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने ब्यवस्था गरिएको छ।
(ओ) *अन्य :*
- ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र अनिवार्य रुपमा पठाउनु पर्ने।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को अनुगमन गर्ने। - कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृती लिनुपर्ने।

(घ) **परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था :**
सो नभएको।
(ङ) **ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजनाः**
- कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्ने।
- कम्पनीको पुरक पूँजीकोष (Supplimentary Capital) बृद्धि गर्ने।
- प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुका लागि आवश्यक पर्ने पूँजी जुटाउने।
(च) **जारी पूँजी चुक्ता भएको/नभएको :**
जारी पूँजी सम्पूर्ण चुक्ता भैसकेको।
(छ) **यस भन्दा अगाडी जारि भएको ऋणपत्रको विवरण :**
यस भन्दा अगाडी वित्तीय संस्थाले कुनै ऋणपत्र जारी गरेको छैन।
(ज) **अन्य :**
- यो ऋणपत्र गुडविल फाइनान्स वित्तीय संस्था बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ।
- यस ऋणपत्रलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेडतथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण तथा दर्ता गराई खरिद बिक्रीको ब्यवस्था मिलाइनेछ।
- **ऋणपत्रको ब्याज भुक्तानी गर्ने स्थान** : यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित ब्याज रकम ऋणपत्रको आवेदन गर्दा दिएको बैंक खातामा सोभै जम्मा हुने व्यवस्था मिलाइनेछ। कुनै कारणवस बैंक खातामा ब्याज रकम जम्मा हुन नसकेमा गुडविल फाइनान्स लिमिटेडको कुनै पनि शाखामा स-प्रमाण सम्पर्क राखी ब्याज भुक्तानी लिन सक्नुहुनेछ।
- ऋणपत्रको बाँडफाँट पश्चात बाँडफाँटमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँट भएको दिन देखिको पहिलो अर्धबार्षिकको ब्याज रकम सो अर्धबार्षिक अवधिको समाप्ति पश्चात भुक्तानी दिइनेछ।

१५. ऋणपत्र निष्काशनको उद्देश्य र प्राप्त रकमको उपयोग :

क. **धितोपत्र जारी गर्नुको उद्देश्य :**
अ) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने काम कारोबारका लागि आवश्यक पर्ने पूँजी जुटाउन।
आ) वित्तीय संस्थाको पूँजी कोष बृद्धि गर्न।
ख. **धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**
(१) **निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धि विवरण :**
ऋणपत्र निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनी ऐन, नेपाल राष्ट्र बैंक ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय संस्थाको ब्यबसायिक प्रयोजनमा उपयोग गरिनेछ। ऋणपत्र जारी गरी प्राप्त हुने ऋण पूँजीको उपयोग सम्बन्धमा देहाय अनुसार उल्लेख गरिएको छ।

क्र.सं.	विवरण	रकम (रु.)
१.	नेपाल राष्ट्र बैंकबाट स्वीकृत क्षेत्रमा कर्जा लगानी	२५,००,००,०००
	जम्मा	२५,००,००,०००

(२) **सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ती गर्नको लागिअपनाइने बैकल्पिक ब्यवस्था :**
सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्णरुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नका लागि ब्यक्तिगत तवरबाट बिक्री गरिनेछ।
(३) **आयोजनाको संचालन स्थान,आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च,कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरणः**
सो नभएको।
(४) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मितिः**
सो नभएको।
(५) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**
सो नभएको।
(६) **कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरणः**
सो नभएको।
(७) **उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरणः**
सो नभएको।
(८) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोतः**
सो नभएको।
(९) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोतः**
सो नभएको।
(१०) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने।
(क) **निष्काशन तथा बिक्री प्रबन्धः** स्वीकृत विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने ऋणपत्रको निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी कार्य गर्नका लागि नियुक्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेडलाई उक्त सेवा प्रदान गरे बापत रु.२,५०,०००/- (अक्षेरुपी दुई लाख पचास हजार रुपैंया मात्र) सेवा शुल्क बापत भुक्तानी गरिएको।
(ख) **ट्रष्टी (डिबेन्चर निष्काशनको हकमा)ः** डिबेन्चर ट्रष्टीको सेवा प्रदान गरे बापत श्री एनआईबिएल एस क्यापिटल लिमिटेडलाई बार्षिक रु.२५,०००/- (अक्षेरुपी पच्चिस हजार रुपैंया मात्र) सेवा शुल्क बापत भुक्तानी गरिएको।
(ग) **क्रेडिट रेटिङ्ग शुल्कः** ईक्रा नेपाल लिमिटेडलाई डिबेन्चर निष्काशनको लागि क्रेडिट रेटिङ्ग सेवा प्रदान गरे बापत एकमुष्ठ रु.१,९७,२५०/-(अक्षेरुपी एक लाख सन्तानब्बे हजार दुई सय पचास मात्र) र ऋणपत्र अवधि सम्मको लागि प्रति बर्ष रु.५०,०००/- (अक्षरुपी पचास हजार मात्र) (कर बाहेक)का दरले भुक्तानी गरिएको।
(घ) **प्रत्याभुतिकर्ताः** नेपाल बंगलादेश क्यापिटल लि., कुमारी क्यापिटल लि, सनराइज क्यापिटल लि, मुक्तिनाथ क्यापिटल लि. लाई प्रत्याभूती सेवा शुल्क बावत रु.१०,००,००० /- (अक्षेरुपी दश लाख रुपैया मात्र) भुक्तानी गरिएको।
(ङ) **विज्ञहरुः** वित्तीय प्रक्षेपणका पुनरावलोकन गरि प्रमाणित गर्ने विज्ञलाई रु १०,०००/- भुक्तानी गरिएको।
(च) **लेखापरिक्षकः** यस सार्वजनिक निष्काशनको लागि लेखापरिक्षकलाई भुक्तानी नगरिएको।
(छ) **अन्यः जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि**)ः
सो नभएको।
(ग) **सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः**
सो नभएको।
(घ) **प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :**
सो नभएको।

१६. सकारात्मक पक्षहरु :

१. देशका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस वित्तीय संस्थाको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको।
२. जोखिम लेखाजोखा पश्चात मात्र लगानी तथा कर्जाको अवसरहरुमा कोषको प्रवाह भएको।
३. स्थापनाकालदेखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको।
४. बैंकिङ्ग क्षेत्रमा द्रुत गतिमा ब्यबसाय विस्तार गर्न सफल रहेको।

१७. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(अ) **अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**
स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्र बाँडफाँट गरिनेछ र ऋणपत्र बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ। यदि कुनै पक्षले (व्यक्तिगत तवर/ सर्वसाधारण) सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई (व्यक्तिगत तवर/सर्वसाधारण) खरिद गर्ने व्यवस्था गरिनेछ।
(आ) **अत्यधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी ब्यवस्था :**
स्वीकृत विवरणपत्र मार्फत जारी गरिने ऋणपत्रको लागि "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सकेनेछ र आवेदकहरुको बाँडफाँटमा नपरेको ऋणपत्र बापत रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आवेदकले आवेदन गर्दाको बखत रोक्का राखेको खाताको रकम मात्र फुकुवा गरि फिर्ता भुक्तानी गरिनेछ।
(इ) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**
लागु नहुने।
(ई) **धितोपत्र बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रया र समयावधि :**
निष्काशन गरिने ऋणपत्र प्रचलितधितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँट गरी सूचिकरण भए पश्चात सम्बन्धित ऋणपत्रधनीको हितग्राह (Demat) खातामा जम्मा गरिनेछ।
(उ) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :**
वित्तीय संस्थाको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण रहेको। स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र बाँडफाँट पश्चात सूचिकरण गरिने छ।
(ऊ) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरिद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई ऋणपत्रको खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१८. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

क. कुनै पनि सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ संस्था वा कम्पनीले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिन सकेनेछन्। निष्काशित सम्पूर्ण ऋणपत्रका लागि ४ (चार) कार्य दिन सम्ममा सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ संस्था वा कम्पनीले आवेदन दिन पाउनेछ।
ख. दरखास्त दिंदानेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। सो सम्बन्धी अन्य प्रक्रया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेबसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ।
ग. आवेदकले आवेदन दिंदा आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रय रहेको हुनु हुँदैन।
घ. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाउने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ।
ङ. रितपूर्वक प्राप्त नभएको आवेदनलाई ऋणपत्र बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ।
च. ऋणपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको ऋणपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो आवेदन फारामलाई रद्द गरी सो को जानकारी सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउनेछ।

व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिन ऋणपत्र खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरुः
१. कुनै पनि नेपाली संघ संस्थाले स्वीकृत विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सकेनेछन्। आवेदकले आफूले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरि यसै वित्तीय संस्थाको बिक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ।
२. आवेदन दिंदा आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ।
३. आवेदन फाराम नेपाली तथा अंग्रेजी दुवै भाषामा पेश गर्नुपर्नेछ।
४. आवेदकले आवेदनसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/- को दरले हुन आउने रकम बराबरको एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा खिचिएको बैंक एकाउण्ट पेयी चेक संलग्न भएको हुनुपर्नेछ। यसरी चेक मार्फत रकम बुझाउन हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ। यसको अलावा, निवेदकले एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्ने छ।
५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिंदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ।
६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनु पर्नेछ। यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।
७. रु.५ लाख भन्दा बढीको ऋणपत्र खरीद गर्न आवेदन दिंदा आवेदनकर्ताले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) अनिवर्य रुपमा पेश गर्नु पर्नेछ।

१९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

क. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय,हात्तीसार, काठमाण्डौं, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
ख. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम २५ (पच्चीस) कित्ता र अधिकतम ५००० (पांच हजार) कित्ता ऋणपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ। न्यूनतम २५ (पच्चीस) कित्ता भन्दा बढी ऋणपत्र खरिद गर्नका लागि १ अंकको गुणाङ्कमा अधिकतममा ५००० (पांच हजार) कित्ता ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ। तर व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्रको हकमा अधिकतम् हद लागु हुने छैन।
ग. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्त साथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/-(एक हजार) का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिनु पर्नेछ।

२०. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

क्र.सं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं र वेवसाइटः www.niblcapital.com
२.	गुडविल फाइनान्स लि., हात्तिसार, काठमाण्डौं तथा वित्तीय संस्थाको सम्पूर्ण शाखा कार्यालयहरु र वेवसाइट : www.goodwillfinance.com.np

क्र.सं.	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान
१.	नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरु।

व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा बिक्री प्रबन्धकले वित्तीय संस्थासँगको सहमतीमा खरिदकर्ताहरु खोजी गरि आपसि सहमतीमा वितरण गरिने छ।

२१. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ कार्य दिन र बढिमा १५ दिन सम्म खुल्ला रहने छ। व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशन सँगै बन्द हुनेछ।

२२. निष्कासन बैंक (Bankers to the Issue) :

क्र.सं.	निष्कासन बैंक	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं	०३६०१०४०२६३५५९
२.	मुक्तिनाथ विकास बैंक लिमिटेड कमलादी काडमाडौं	०१३१०२००१२०५३६००००२६

२३. क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस वित्तीय संस्थाले जारी गर्न लागेको ७ वर्ष अवधि तथा १२ प्रतिशत ब्याजदर भएको "१२% गुडविल फाइनान्स लिमिटेड डिबेन्चर २०८३" ऋणपत्रलाई ईक्रा नेपाल लिमिटेडले मध्यम कर्जा जोखिम (Moderate Risk) जनाउने "[ICRANP] LBB "(Pronounced as ICRA NP L Double B) रेटिङ्ग मिति २०७६/०७/२८ मा प्रदान गरेको छ। जोखिमको दृष्टिकोणमा यस्ता उपकरणहरु मध्यम क्रेडिट जोखिम भएको मानिन्छ। यस्तै गरी, यस निष्काशन कम्पनीलाई ईक्रा नेपाल लिमिटेडले मध्यम कर्जा जोखिम (Moderate Risk) जनाउने "[ICRANP] BB "(Pronounced as ICRA NP Double B) रेटिङ प्रदान गरेको छ। उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने Instrument लाई समयमा नै वित्तिय दायित्व पुरा गर्ने सम्बन्धमा मध्यम मात्रामा सुरक्षीत मानिन्छ।

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनआईबिएल एसक्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा एक विशेष कक्षको ब्यवस्था गरिएको छ। कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुभावका लागि सम्पर्क अधिकृत श्री राम कुमार महतलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समयभित्र फोनः ४००५०८० EXT: ४४४ मा सम्पर्क गर्न सकिनेछ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com